# 9th NRNA Asia Pacific Regional Conference 2022

Milap

Together We Stand

## EVENTS AND ACTIVITIES BY NRNA KOREA(2021-2022)

गैर आवासीय नेपाली संघ,
राष्ट्रिय समन्वय परिषद, दक्षिण कोरिया (NRNA KOREA)

**Presentation By**
**Deepak Pun**
**President, NRNA KOREA**

## कार्यसुची


- परामर्श सेवा
- आपतकालीन राहतकोष
- The NRNA Show
- औपचारिक उम्मेदवारी घोषणा कार्यक्रम
- NRNA तिज विशेष कार्यक्रम
- बडा दशैंको शुभकामा तथा आदान प्रदान कार्यक्रम
- नेपाली राजदुतावासको घुम्ती सेवा
- NRNA Academy
- NRNA पुस्तकालय
- औधोगिक दुर्घटना न्यूनीकरणका लागि व्यवसायजन्य स्वास्थ तथा सुरक्षा सम्बन्धि अभीमुखीकरण तालिम
- वृहत अन्तरक्रिया कार्यक्रम
- मानसिक स्वास्थ्य सम्बन्धि कार्यक्रम
- नारी दिवसको उपलक्ष्यमा सुभकामना आदान प्रदान तथा अन्तरक्रिया कार्यक्रम
- आठ दिने कृषि उधम सम्भावना र चुनैती सम्बन्धि तालिम २०२२
- श्रमिक दिवशको अबसरमा शुभकामना आदान प्रदान तथा परामर्श कार्यक्रम
- श्रमिकका समस्या तथा राजदूताबासले प्रदान गर्ने सेवा सम्बन्धमा अन्तरक्रिय कार्यक्रम

## संस्थागत पहल एवंम सम्झौताहरु

- ✓ रास्ट्रीय युवा परिषद
- ✓ सामाजिक सुरक्षा कोष
- ✓ Herald Times Korea
- ✓ सारांग नेपालका कोरिया
- ✓ नेपाल सांस्कृतिक संस्थान
- ✓ कोरियामा रहेका अन्य नेपाली संघ संस्थाहरु
- ✓ 법무법인 금성 (Keumseong Law Firm LLC)
- ✓ सऊल हेवा प्रहरी स्टेशन (외국인 치안봉사단 발대식)

# NRNA KOREA परामर्श सेवा

- गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद, दक्षिण कोरिया ( NRNA KOREA) ले दक्षिण कोरियामा रहेका नेपालीहरुलाई विभिन्न किसिमको परामर्श सेवाहरु उपलब्ध गराउदै आइरहेको छ।
- संस्थाको कार्यालय र संस्थाका कार्यसमिति पदाधिकारीहरु मार्फत आवश्यकतामा परेका नेपालीहरुलाई सक्दो सहयोग गरिरहेका छौ। २०२१/२२ मा उल्लेखित सेवाग्राही संख्यालाई विभिन्न सेवाहरुको उपलब्ध गरिएको सम्पूर्णमा जानकारी गरिन्छ।




| | legal | Health | Coorrdination | Translation | reentry | Financial fraud | others |
|---|---|---|---|---|---|---|---|
| Series1 | 181 | 79 | 5 | 137 | 153 | 23 | 89 |

- NRNA दक्षिण कोरियाले एक वर्षको अबधिमा जम्मा ६६७ जना सेवाग्राहीलाई विभिन्न किसिमको परामर्श सेवा प्रदान गरेको छ।
- जस मध्ये सबै भन्दा धेरै १८१ जनाले कानुनी परामर्श लिनु भएको छ।
- त्यस्तै गरि रि-इन्ट्री सम्बन्धि १५३ जनाले परामर्श लिनु भएको छ भने भाषा अनुबाद सम्बन्धि परामर्श १३७ जनाले सेवा लिनु भएको छ।
- तेसै गरि अन्य (पासपोर्ट, भिषा,क्षेत्र तथा ठाउँ, HRD…) मा ८९ जना , स्वास्थ सम्बन्धि ७९ जना, आर्थिक धोका सम्बन्धि २३ जना र मिलापत्र मध्यस्थता सम्बन्धि ५ जना ले परामर्श सेवा लिनु भएको छ।

# आपतकालीन राहतकोष

- गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद दक्षिण कोरिया आठौ कार्यसमितिको मिति २०२१- ०८-१५ तारिखका दिन बसेको पहिलो बैठकको निर्णयले संस्थाको आपतकालीन राहत कोष निर्माणका लागि चालिस लाख (४,०००,०००) कोरियन वन विनियोजन गरिएको छ।
- यस आपतकालीन राहत कोषको ब्यवस्थित एवमं दिर्घकालिन प्रयोगका र बृहत विस्तारका लागि कार्यविधि निमार्ण भै रहेको छ।
- यस आपतकालीन राहत कोष संचालनका लागि कार्यविधि निर्माणको काम सम्पन्न भए पश्चात सबै पक्षहरु संग छलफल गरि कार्यन्वयन गरिने छ।


## औपचारिक उम्मेदवारी घोषणा कार्यक्रम


- गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद(NRNA ICC) को १० औ महधिओवेशनमा राष्ट्रिय समन्वय परिषद दक्षिण कोरियाको प्रतिनिधित्व गर्दै विभिन्न पदमा उमेदवारी दिन लाग्नु भएका उमेद्वारहरुलाई एकै मंच देखि मिति २०२१-०९-०४ शनिबारका दिन उमेद्वारी घोसणा कार्यक्रम NRNA KOREA को आयोजनामा सम्पन्न भएको थियो ।
- यस कार्यक्रमको प्रमुख उदेश्य NRNA KOREA संस्थागतरुपमा कुनै पनि उम्मेदवारको पक्ष वा विपक्षमा नरहिकन सबैलाई समान व्यवहार र सम्मान गर्दछ भन्ने सामाजिक संदेश दिनको लागि आयोजना गरिएको थियो।



# The NRNA Show

- संस्थागत रुपमा प्रत्येक हप्ता समसामयिक विषयहरुमा केन्द्रित रहेर नेपाली समुदायमा चिर परिचित सामाजिक व्यक्तित्वहरुलाई आमन्त्रित गरि Live Talk Show कार्यक्रम THE NRNA SHOW को प्रशारण भएको छ ।
- यस कार्यक्रम मार्फत साहित्य, समाज, अर्थ, स्वास्थ्य र प्रेरणात्मक विषयबस्तुहरु प्रशारण गरिएको थियो ।
- यस कार्यक्रमका माध्यमबाट दक्षिण कोरियामा परिवर्तित नियम कानुनहरु तथा अन्य उपयोगी सामग्रीहरु पनि प्रशारण गरिएको थियो ।
- जसले प्रत्यक्ष रुपमा कोरियामा रहेका नेपाली श्रमिक, विद्यार्थी, व्यावासी लगायत सम्पूर्णलाई फाईदा पुगेको छ ।
- यस कार्यक्रम १४ अगस्ट, २०२१ देखि २ जनुअरी, २०२२ सम्म १८ एपिसोड गर्दै सम्पन्न भएको थियो ।










# NRNA कोरिया तिज तथा बडा दशैं  विशेष कार्यक्रम

- नेपाली नारीहरुको महान पर्व हरितालिका तिजको अवसरमा "शुभकामना आदान प्रदान तथा तीजले महिला सशक्तीकरणमा खेल्न सक्ने भूमिका" विषयमा अन्तरक्रिया सहितको "NRNA तिज विशेष" कार्यक्रममा मिति २०२१-०९-०९ बिहिबारका दिन अनलाईन मार्फत NRNA KOREA को आयोजनामा सम्पन्न भएको थियो।
- कार्यक्रममा प्रमुख अथिति श्री भोमा लिम्बु (महिला संयोजक NRNA ICC) र विशेष अतिथिको रुपमा नेपाली राजदुतावास सौल, श्रम सहचारी श्री रमा भट्टराई ज्युको उपस्थिति रहेको थियो।
- नेपालीहरुको महान पर्व विजया दशमी तथा बडादशैँ २०७८ सालको सुखद उपलक्ष्यमा गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद, दक्षिण कोरिया (NRNA KOREA) ले मिति २०२१-१०-१५ शुक्रबार का दिन अनलाईन मार्फत  "बडा दशैँ शुभकामना आदान-प्रदान " कार्यक्रम सम्पन्न गरेको थियो।



# नेपाली राजदुतावासको घुम्ती सेवा

- गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्यव परिषद, दक्षिण कोरिया (NRNA KOREA)को विशेष पहल र विभिन्न क्षेत्रीय समितीको व्यवस्थापनमा नेपाली राजदूतावासको घुम्ती सेवा सम्पन्न भएको भएको थियो ।
- दक्षिण कोरियाको विभिन्न प्रान्तमा बसोबास गर्ने नेपालीहरुलाई नेपाली राजदूतावास सौल देखि प्रदान गरिने पासपोर्ट नविकरण, चालक अनुमति प्रमाण-पत्र रुपान्तरण र अन्य सेवा लागि आवश्यक पर्ने प्रक्रिया सम्बन्धि सम्पुर्ण सुविधा, "घुम्ती सेवा" मार्फत उपलब्ध गरिएको थियो।




# NRNA Academy


- दक्षिण कोरियामा  रहेका नेपालीहरुको व्यक्तित्व विकास, सिप र क्षमताको अभिबृदी गर्न NRNA ACADEMY KOREA संचालनमा रहेको छ।
- साथै यस एकेडेमी अन्तर्गत रहेर कोरियाको बसाई सकेर नेपाल फर्किन लागेका नेपालीहरुलाई नेपाल पुगेर उपयोगी हुने कृषि, उद्योग, ब्यबसाय जस्ता तालिमहरु निशुल्क उपलब्ध गराई रहेको छ।





## NRNA पुस्तकालय

- कोरियामा अध्यनरत बिद्यार्थी लगाएत सम्पूर्णमा ज्ञानको बृधि तथा मानसिक स्वास्थ्य कायाम गर्न पुस्तकले ठुलो भूमिका खेल्ने तथ्यलाई मान्दै गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्यव परिषद, दक्षिण कोरिया ले **NRNA पुस्तकालय स्थापना गरेको छ**।
- जसमा विभिन्न विधाका पुस्तकहरु तथा नेपाली विद्यार्थीहरुले प्रकाशन गरेका सोध-पत्रहरु संकलन गरेर राखिएको छ।




NRNA
NCC-SOUTH KOREA
Non-Resident Nepali Association

# औधोगिक दुर्घटना न्यूनीकरणका लागि व्यवसायजन्य स्वास्थ तथा सुरक्षा सम्बन्धि अभीमुखीकरण तालिम

- कोरियामा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुलाई औधोगिक दुर्घटना न्यूनीकरणका लागि आवश्यक ज्ञान र शिक्षा उपलब्ध गराउने उदेश्यले अनलाईन जुम भर्चुअल माध्यम देखि ९ दिने (हरेक हप्ता आइतबार) व्यवसायजन्य स्वास्थ तथा सुरक्षा सम्बन्धि अभीमुखीकरण तालिम मिति २०२२-०१-०२ देखि २०२२-०३-२७ सम्म नेपाली राजदुतावास दक्षिण कोरिया सौलको आयोजना र गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्यव परिषद,दक्षिण कोरिया (NRNA KOREA) को सहकार्यमा सफलता पुर्बक सम्पन्न भएको छ।
- उक्त कार्यक्रममा व्यवसायजन्य स्वास्थ तथा सुरक्षा सम्बन्धि विभिन्न विषय जस्तै Machine Safety and Workplace Accident, Identification of OSH issue prevalent in the respective category of work, Workplace ergonomics, Understanding of chemical hazard and prevention including toxic effect, Importance and practices of worksite first aid and secondary care लगाएतमा  प्रशिक्षकहरुले तालिम प्रदान गर्नु भएको थियो।






# वृहत अन्तरक्रिया कार्यक्रम

- गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्यव परिषद, दक्षिण कोरियाको आयोजनामा “श्रमको सम्मान, श्रमिकलाई वित्तीय ज्ञान” भन्ने नाराका साथ ई.स.२०२२-०२-१२ तारिख, शनिबार अर्थ मन्त्रि, माननीय श्री जनार्दन शर्मा “प्रभाकर”, गभर्नर श्री महा प्रसाद अधिकारी, साथै अर्थ मन्त्रालय सचिव श्री मधु मरासिनी को विशेष आतिथ्यतामा गैर आवासीय नेपालीहरु तथा गैर आवासीय नेपालीहरु संलग्न विदेशी संस्थाहरुबाट विदेशी मुद्रामा निक्षेप संकलन गर्न सकिने व्यवस्थालाई सरलीकरण गर्नका लागि संचालनमा ल्याईएको एनआरएनएहरुका लागि डलर खाता साथै विदेशमा रहेका नेपालीहरुका लागि देशमा सुरक्षित आर्थिक लगानी एवं सम्भावना, वैधानिक रेमिटेन्सको महत्व, Cryptocurrency मा लगानी र देश को अर्थतन्त्रमा पर्ने प्रभाव लगायत अन्य विषयहरुमा अनलाईन जुम भर्चुअल माध्यम देखि बृहत कार्यक्रम ऐतिहासिक रुपमा सफलताका साथ सम्पन्न भएको थियो ।






# मानसिक स्वास्थ्य सम्बन्धि कार्यक्रम

- मानसिक समस्या र कोरियामा बसोबास गर्ने नेपालीहरुमा यसले उत्पन्न गरिरहेको दुखद परिणामको तिक्त भोगाईलाई केहि हद सम्म कम गर्ने उदेश्यले नेपाली राजदुतावास दक्षिण कोरिया सौलको आयोजना र गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्यव परिषद,दक्षिण कोरिया (NRNA KOREA) को व्यस्थापन सहयोगमा मानसिक स्वास्थ सम्बन्धि कार्यक्रम सम्पन्न भएको थियो ।
- उक्त कार्यक्रममा विशेषगरि आत्महत्याको विचार किन आउछ ? र यसबाट कसरी बच्ने ? र कर्म र जीवनको सन्तुलनका सुत्रहरु भन्ने विषयमा मनोविद, स्वामी अनुपम पोखरेलले तालिम तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गर्नु भएको थियो ।






# नारी दिवसको उपलक्ष्यमा सुभकामना आदान प्रदान तथा अन्तरक्रिया कार्यक्रम

- ११२औं अन्तरराष्ट्रिय नारी दिवश २०२२ को उपलक्ष्यमा “कुसंस्कार तोडौं पुर्वाग्रह छोडौं ,लैङ्गिक मैत्री समाज निर्माणतिर मोडौं” भन्ने नाराका साथ गैर आवसिय नेपाली संघ राष्ट्रिय समन्वय परिषद, दक्षिण कोरिया तथा नेपाली राजदुतावास सउलको संयुक्त आयोजनामा सुभकामना आदान प्रदान तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो ।
- उक्त कार्यक्रममा उपस्थित अतिथि तथा वक्ताहरुले महिलाको अवस्था, जिम्मेबारी, चुनौती र सम्भावनाको वारेमा छलफल तथा अन्तरक्रिया गर्नु भएको थियो।



# आठ दिने कृषि उद्यम सम्भावना र चुनैती सम्बन्धि तालिम २०२२

- कोरियाको रोजगारी सम्पन्न गरी घर फिर्तीको क्रममा रहनु भएका कोरियामा कार्यरत उद्यम उन्मुख नेपाली यूवाहरुलाई कृषि सम्बन्धि तालिम दिई आत्मनिर्भर र समृद्ध उद्यमी बन्न प्रेरित गर्दै आत्मनिर्भर अर्थतन्त्रलाई टेवा पुराउने मुख्य उद्देश्य सहित **"बिदेशमा सीप र पूंजी आर्जन गरौ, स्वदेशमा कृषि उद्यममा लगानी गरि आत्मानिर्भर र सम्बृद्ध बनौ"** भन्ने मूल नाराका साथ  गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्यव परिषद दक्षिण कोरिया (NRNA KOREA) को संयोजकत्वमा र नेपाल राजदूतावास दक्षिण कोरियाको सहकार्यमा आठ दिने कृषि उद्यम सम्भावना र चुनौती सम्बन्धि तालिम २०२२ सफलताका साथ सम्पन्न भएको छ।
- उक्त कार्यक्रममा कृषि उद्यम सम्बन्धि विभिन्न विषयमा फरक फरक प्रशिक्षकले अनलाईनको माध्यम बाट तालिम तथा अन्तरक्रिया प्रदान गर्नु भएको थियो।

**कार्यक्रमका विषय-वस्तुहरु**

- नेपालको कृषिजन्य उत्पादन, खपत, तथा आयात-निर्यातको अवस्थाको बारेमा।
- नेपालको कृषि क्षेत्रमा आधारित उद्दमको पहिचान गरि संचालनको अबस्था पत्तालगाउने।
- कृषि उद्दम संचालनमा पालना गर्नु पर्ने कानूनी प्रक्रियाहरु को पहिचान गराउने।
- कृषि उद्दममा सहयोगी निकाय र प्रदान गरिने सेवा तथा सुविधाहरु थाहापाउने।
- कृषि उत्पादनमा वित्तीय सेवा/सहुलियतपूर्ण कर्जाको पहिचान गर्ने।
- नेपालको कृषि बजार को अवस्था, सम्भावना र चुनौतीबारे छलफल गर्ने।
- कृषि उद्दममा आधारित व्यवसायीक योजनाको  संक्षिप्त नमुना बनाउने।
- नेपालमा कृषि उद्दममा भएको प्रविधिको प्रयोग पहिचान गर्ने।







NRNA
NCC-SOUTH KOREA
Non-Resident Nepali Association

# श्रमिक दिवशको अबसरमा शुभकामना आदान प्रदान तथा परामर्श कार्यक्रम

- श्रमिक दिवशको अवसरमा प्रत्यक्ष भेटघाट गरि शुभकामना आदनप्रदान तथा प्रमाणपत्र वितरण साथै श्रम तथा इ-पासपोर्ट सम्बन्धी परामर्श प्रदान गर्ने कार्यक्रम सम्पन्न भएको छ ।
- उक्त कार्यक्रममा औद्योगिक दुर्घटना न्यूनीकरणका लागि "व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा" सम्बन्धी नौ दिने भर्चुअल माध्यम द्वारा संचालित अभिमुखीकरण तालिममा सक्रिय सहभागिता जनाउनुहुने प्रशिक्षार्थीहरुलाई श्रमिक दिवशको अवसरमा प्रत्यक्ष भेटघाट गरि प्रमाणपत्र वितरण गरिएको हो ।
- यस कार्यक्रम नेपाली राजदुतावास दक्षिण कोरिया सौलको आयोजना तथा गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद, दक्षिण कोरिया (NRNA KOREA) को व्यस्थापन सहयोगमा सम्पन्न भएको हो ।







# श्रमिकका समस्या तथा राजदूताबासले प्रदान गर्ने सेवा सम्बन्धमा अन्तरक्रिया कार्यक्रम

- नेपाली राजदुतावास सउलको आयोजना तथा गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्यव परिषद, दक्षिण कोरिया (NRNA KOREA)को क्षेत्रिय कमिटीको सहकार्यमा आनसान, थेजन, र जेजु  आसपास रहनुहुने नेपाली दाजुभाई तथा दिदी बहिनी हरुलाई श्रमिकका समस्या, घर फिर्ती, तथा राजदुतावासले प्रदान गर्ने सेवाको विषयमा प्रत्यक्ष भेटघाट गरी अन्तर्क्रिया कार्यक्रम सफलताका साथ सम्पन्न भएको थियो ।



# सरसफाइ कार्यक्रम

सामाजिक जिम्मेवारी निर्बाह गर्ने र सामाजिकीकरण हुन सहयोग गर्ने उद्देश्यले NRNA, दक्षिण कोरिया र सऊल हेवा प्रहरी स्टेशन (Seoul Hyehwa Police Station) (**외국인 치안봉사단 발대식**) बिच मिति २०२२-जून-१३ तारिखमा **종로구 창신동** क्षेत्र वरिपरी विभिन्न विषयमा सहकार्य गर्ने समझदारी भए बमोजिम पहिलो चरणको कार्यक्रम मिति २०२२-०८-०४ मा 종로구 क्षेत्रमा सरसफाइ गरि सफलताको साथ सम्पन्न भएको थियो।









# संस्थागत पहल एवं सम्झौताहरु

## रास्ट्रीय युवा परिषद

- दक्षिण कोरियाको बसाई अवधि समाप्तिसंगै नेपाल फर्किएर आफुले आर्जन गरेको ज्ञान,सिप र पुजीको उचित व्यस्थापनसंगै उद्यम गर्न चाहने युवाहरुलाई उद्यमी बन्नका लागि आवश्यक पर्ने मार्गनिर्देशन सहित अन्य आधारभूत कुरामा सहयोग गर्ने गरि गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्यव परिषद, दक्षिण कोरिया र नेपाल सरकारको युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत राष्ट्रिय युवा परिषद बिच विगतमा भएको सम्झौतालाई समिक्षा गरि निरन्तरता दिने विषयमा मिति २०२१-०९-१० तारिखका दिन सहमति गरिएको छ।



# Herald Times Korea

गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्यव परिषद दक्षिण कोरिया (NRNA KOREA) का गतिविधिहरुलाई कोरियाली नागरिकहरु माझ लैजानका लागि हेराल्ड टाईम्स कोरिया संग NRNA KOREA का गतिविधिहरु समाचार बनाएर निरन्तररुपमा प्रकाश गरिदिन अध्यक्ष दिपक पुनको आग्रहमा सम्झौता गरिएको छ।




# सामाजिक सुरक्षा कोष

- गैर आवसिय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद दक्षिण कोरिया (NRNA KOREA) ले विदेशमा रहेका नेपालीहरुलाई सामाजिक सुरक्षा कोषमा समेट्ने गरि आवश्यक नीति नियमहरु बनाउन मिति २०२१-०९-२५ तारिखका दिन सम्बन्धित निकायको ध्यानाकर्षण गराएको थियो।
- उक्त भेटमा भएको छलफलमा सामाजिक सुरक्षा कोषका उपनिर्देशक रोहित रेग्मी, एसियन फोरोमका अध्यक्ष सिद्दी बराल र नेपाली राजदुतावास दक्षिण कोरियाका पुर्व श्रम सहचारी डिल्लीराम बास्तोलाको पनि उपस्थित रहेको थियो।
- उक्त भेटमा विदेशमा रहेका श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा समेट्न सकिएको अवस्थामा दक्षिण कोरियालाई प्राथमिकता राखेर काम गरिदिनु हुन आग्रह गर्नु भएको थियो।
- सामाजिक सुरक्षा कोष सम्बन्धि दक्षिण कोरियामा रहेका नीति नियम र हाल यस सेवा उपभोगकालागि सम्झौता गरेका अन्य रास्ट्रहरुको विवरण अध्ययन गरि नेपालमा रहेको सामाजिक सुरक्षाकोषको कार्यालयलाई सुझाव दिने काम भएको थियो।
- नेपाली राजदुतवास सौलमा श्रम सहचारी रमा भट्टराई ज्युसंग यस विषय प्रति थप अध्ययन र कार्यान्यवनका लागि के गर्न सकिने छ भनि छलफल गरिएको थियो।





NRNA
NCC-SOUTH KOREA
Non-Resident Nepali Association

## सारांग नेपालका कोरिया

- गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद, दक्षिण कोरिया (NRNA KOREA) ले परिकल्पना गरेको NRNA ACADEMY भित्रका गतिविधिहरुलाई सहयोग गर्नका लागि सारांग नेपालका प्रतिनिधि Mr. Sungwoo Lee संग मिति २०२१-११-२४ तारिखका दिन छलफल सम्पन्न भएको थियो।
- छलफलबाट सारंग नेपालले नेपाली भाषाको कक्षा, EPS तयारी कक्षा र कोरिया देखि नेपाल फर्कन लागेका नेपालीहरुलाइ उपलब्ध गराउने तालिमहरुमा सहयोगी भूमिका खेल्ने जानकारी गर्नु भएको थियो।



## कोरियामा रहेका अन्य नेपाली संघ संस्थाहरु

- दक्षिण कोरियामा रहेका अन्य नेपाली संघ संस्थाहरुसंग आपसी सहयोग आदान प्रदान गर्ने हेतु NRNA KOREA ले विकास गरिरहेको सहकार्य प्रस्तावना अन्तर्गत रहेर दक्षिण कोरियामा रहेका संस्थाहरुलाई दर्ता प्रक्रियामा आवश्यक पर्ने सम्पूर्ण सहयोग उपलब्ध गराई दर्ता प्रक्रिया सम्पन्न गरिएको छ।
- आगामी दिनमा दक्षिण कोरियामा रहेका अन्य सम्पूर्ण संघ संस्थाहरुलाई दर्ता प्रक्रियामा सहयोग गर्ने र अन्य संस्थागत सहकार्यका लागि NRNA KOREA ले विस्तृत कार्ययोजना बनाइसकेको र कार्यन्वयनका लागि सबै संघ संस्थाहरु संग छलफलका लागि तयारी गरिरहेको छ।



NRNA
NCC-SOUTH KOREA
Non-Resident Nepali Association

# 법무법인 금성 (Keumseong Law Firm LLC)

- मिति 2022-03-23 तारिखका दिन गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्यव परिषद, दक्षिण कोरिया र 법무법인 금성 (Keumseong Law Firm LLC) बीच पारस्परिक सहयोग गर्ने उद्देश्यले दुई संस्थाबीच विशेष सम्झौता (MOU ) सम्पन्न भएको छ ।
- उक्त सम्झौतामा कोरियामा रहेका नेपालीहरुलाई कानुनी सेवा तथा सुबिधा सहज र प्रभाबकारी रुपमा प्रधान गर्ने उद्देश्यले NRNA KOREA का पुर्ब अध्यक्ष श्री यज्ञराज सुवेदी, महासचिव श्री रोशन भट्टराई तथा सदस्य श्री हर्क मान गुरुङको उपस्थितीमा गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्यव परिषद, दक्षिण कोरियाको तर्फबाट अध्यक्ष श्री दीपक पुन र Keumseong Law Firm LLC को तर्फ बाट अध्यक्ष श्री हा, यून होंगले समझदारी पत्रमा हस्ताक्षर गरि सम्पन्न भएको हो ।
- यस सहकार्यले कोरियामा रहेका नेपालीहरूका लागि अध्यागमन, रोजगारी तथा औद्योगिक दुर्घटना सम्बन्धी शैक्षिक कार्यक्रम उपलब्ध गर्ने साथै कोरियामा बसोबास गर्ने नेपालीहरूलाई कानूनी सेवा र सहायता प्रदान गर्ने गर्नेछ ।






NRNA
NCC-SOUTH KOREA
Non-Resident Nepali Association

# सऊल हेवा प्रहरी स्टेशन (외국인 치안봉사딘 발대식)

- NRNA, दक्षिण कोरिया र सऊल हेवा प्रहरी स्टेशन (Seoul Hyehwa Police Station) (외국인 치안봉사딘 발대식) बिच मिति २०२२-जून-१३ तारिकमा 종로구 창신동 क्षेत्र वरिपरी विभिन्न विषयमा सहकार्य गर्ने समझदारी भएको छ।
- पहिलो चरणमा, सोहि क्षेत्रमा वसोबास गर्ने भियतनामी तथा नेपालीहरुको सहभागितामा महिनाको एक पटक सरसफाई कार्यक्रम गर्ने निर्णय भएको छ।




# नेपाल सांस्कृतिक संस्थान

गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्यव परिषद दक्षिण (NRNA KOREA) ले आयोजना गर्ने कुनै पनि नेपाली भाषा, कला तथा संस्कृति प्रवर्दन कार्यक्रम तथा योजनाहरुमा नेपाल सांस्कृतिक संस्थान संग सहकार्य गरि अगाडी बढ्ने विषयमा मिति २०२१-०९-१४ तारिख दिनमा छलफल गरिएको थियो।

# NRNA KOREAको पहलमा एकताको प्रस्ताब

गैर आवसीय नेपाली अभियान संसार भरि छरिएका नेपाली तथा नेपाली मुलका नागरिकहरुको एकताको अभियान भएको र यसमा देखिएका विवाद तथा बिभाजनको प्रभाव दिर्घकाल सम्म रहने, साथै केन्द्रिय तहमा देखिएका विवाद तथा बिभाजनको प्रभाव क्रमिक रुपमा राष्ट्रिय समन्वय परिषदहरुमा देखा पर्न सुरु गरेको र परिस्थिति दिनानुदिन सघनता तर्फ उन्मुख हुदै गएको हुदा सम्भावित दुर्घटना तथा क्षतिबाट समग्र गैरआवासीय नेपाली अभियानलाइ बचाउन तथा एकिकृत गर्न गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्यव परिषद, दक्षिण कोरिया (NRNA KOREA) को २०२२-०५-२२ तारिख NRNA KOREA को कार्यालयमा आठौ कार्यसमितिका पदाधिकारीहरु, ICC सदस्यहरु, संरक्षकहरु ,सल्लाहकारहरु, तथा NRNA KOREA का अग्रज अभियन्ताहरुको उपस्थितिमा नियमित तथा विशेष बैठक गरि सम्पूर्ण गैर आवासीय नेपाली संघका अभियन्ता तथा अग्रज महानुभावहरुमा निम्न अनुसार बुदामा ध्यानाकर्षण गराउदै आवश्यक बहस, छलफल तथा पहलकदमीका लागि हार्दिक अनुरोध गर्दछौ ।

प्रस्ताव -१: गैर आवासीय नेपाली संघ (NRNA) को आगामी बार्षिक साधारण सभाका लागि एक पक्षले गठन गरेको बिधान समितिलाइ स्थगित गरि दुवै पक्षसंग बार्ताको बातावरण निर्माण गर्ने तथा बार्ताको लागि आव्हान गर्ने।

प्रस्ताव -२: दुवै पक्षका प्रतिनिधि समेत समावेस गरि संयुक्त बिधान संसोधन समिति पुन/गठन गर्ने ।

प्रस्ताव –३: संयुक्त बिधान संसोधन समितिलाई आवश्यक राय तथा सुझाव संकलनका निमित्त आवश्यक दुवै पक्ष संग संयुक्त/एकल भेला गर्न सक्ने गरि अधिकार प्रत्योजन गर्ने।

प्रस्ताव –४ : संयुक्त बिधान संसोधन समितिको सुझाव बमोजिम संयुक्त बार्षिक साधारणसभा मार्फत बिधान संसोधन गर्ने तथा संसोधित बिधानलाई आधार बनाई सम्भव शिघ्र ११ औ अधिबेशन आवाहन गरि संयुक्त एकता अधिवेशन गर्ने।

धन्यवाद ।

NRNA
NCC-SOUTH KOREA
Non-Resident Nepali Association

# धन्यवाद!!!

**गैर आवासीय नेपाली संघ,**

**राष्ट्रिय समन्वय परिषद, दक्षिण कोरिया (NRNA KOREA)**